# माडी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
घर्तिगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.स. : २०८३/०८४
च.नं. : ९४७

मिति २०८३।०५।२४

**विषयः विषय विज्ञमा सूचीकृत हुने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस माडी गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा रिक्त हुने स्वीकृत दरबन्दी, राहत, करार तथा अनुदान लगायतका शिक्षक, बालशिक्षक तथा कर्मचारीको पदपूर्तिका लागि करारमा शिक्षक नियुक्ति गर्ने प्रयोजनार्थ गठन हुने छनोट समितिमा विषय विज्ञको रूपमा रही कार्य गर्नका लागि विषय विज्ञहरू सूचीकरण गर्नुपर्ने भएकाले देहायबमोजिमको योग्यता पुगेका सामुदायिक विद्यालयमा कार्यरत स्थायी (कक्षा ११-१२ को हकमा दरबन्दी/अनुदान कोटामा कार्यरत अस्थायी/करार) शिक्षकहरूले आवश्यक कागजातसहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**१. आधारभूत तह (कक्षा १-५) र आधारभूत तह (कक्षा ६-८) का लागि आवश्यक योग्यता तथा संलग्न गर्नुपर्ने कागजातहरूः-**

**आवश्यक योग्यता :**

- शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण गरेको,
- सम्बन्धित तह/विषयमा स्थायी नियुक्ति भई कम्तीमा ५ (पाँच) वर्ष सेवा गरेको ।

**२. माध्यमिक तह (कक्षा ९-१०) का लागि आवश्यक योग्यता तथा संलग्न गर्नुपर्ने कागजातहरूः-**

**आवश्यक योग्यता :**

- शिक्षा शास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरेको,
- सम्बन्धित तह/विषयमा स्थायी नियुक्ति भई कम्तीमा ५ (पाँच) वर्ष सेवा गरेको ।

**३. माध्यमिक तह (कक्षा ११-१२) का लागि आवश्यक योग्यता तथा संलग्न गर्नुपर्ने कागजातहरूः-**

**आवश्यक योग्यता :**

- शिक्षा शास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरेको,
- माध्यमिक तह (कक्षा ११-१२) मा दरबन्दी वा अनुदान कोटामा नियुक्त भई कम्तीमा ५ (पाँच) वर्ष सेवा अवधि पूरा गरेको ।

**संलग्न गर्नुपर्ने कागजातहरू :**

- आधारभूत तहमा सूचीकृतको लागि (कक्षा १-५) र आधारभूत तह (कक्षा ६-८) को पाठ्यक्रममा आधारित सम्बन्धित विषयका २/२ सेट प्रश्नपत्रको हार्डकपी वा सफ्टकपी,
- माध्यमिक तहमा सूचीकृतको लागि (कक्षा ९-१०) को पाठ्यक्रममा आधारित सम्बन्धित विषयका २/२ सेट वस्तुगत र विषयगत प्रश्नपत्रको हार्डकपी वा सफ्टकपी,
- कक्षा ११-१२ को पाठ्यक्रममा आधारित सम्बन्धित विषयका २/२ सेट प्रश्नपत्रको हार्डकपी र सफ्टकपी,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि,
- नियुक्ति पत्रको प्रतिलिपि,



CamScanner

# माडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घर्तिगाउँ, रोल्पा
## लुम्बिनी प्रदेश, नेपाल

प.स. : २०८३/०८४ मिति २०८३।०५।२९
च.नं. :

- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि,
- सेवा अवधि खुलेको प्रमाणित कागजात ।

माडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घर्तिगाउँ, रोल्पा लुम्बिनी प्रदेश, नेपाल

पुनश्च:

निवेदनका साथ सूचीकरण दस्तुर बापत रु. १,०००।- (एक हजार रुपैयाँ मात्र) गाउँपालिकाको राजस्व शाखामा जम्मा गरेको राजस्व दाखिला भौचरको प्रतिलिपि अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।



"कृषि,पशुपक्षी ,जडिबुटि र दिगो पूर्वाधार, समृद्ध माडीको आधार"

CamScanner